# उपप्रमुख श्री मन्जु तामाङज्यू, बाट नगरसभामा पेश भएको
# आर्थिक वर्ष २०८१।०८२ को
# बजेट बक्तव्य

बाह्रविसे नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

बाह्रविसे, सिन्धुपाल्चोक ।

२०८१।०३।०७

# बाह्रविसे नगरपालिकाको
# पन्ध्रौ (१५ औं) नगरसभा
# २०८१।०३।०७ गते
# उपप्रमुख श्री मन्जु तामाङ्गद्धारा प्रस्तुत आ.व.०८१।०८२ को बार्षिक बजेट तथा कार्यक्रम

बाह्रविसे नगरपालिकाको पन्ध्रौ (१५ औं) गरिमामय नगरसभाका अध्यक्षता ग्रहण गरिरहनु भएका नगर प्रमुख श्री बालकृष्ण वस्नेतज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगरसभा सदस्यज्यूहरु, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, सम्पूर्ण नगरवासी आमा वुवा दाजुभाई तथा दिदि वहिनीहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र शासन प्रणाली, नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरे वमोजिम बाह्रविसे नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न लागिरहेको छु । लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका अन्दोलनमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

बाह्रविसे नगरपालिकाले मुख्य गरि गुणस्तरीय र सर्वसुलभ शिक्षामा सवैको पहुँचमा अभिवृद्धि गर्न र सरलरुपमा स्वास्थ्य सेवा स्थानीयहरुले पाउन भनि आगामी आ.व.०८१।०८२ मा नगरपालिकाको ठुलो हिस्साको बजेट तर्जुमा गरिएको छु । भौगोलिक हिसावले मनसुनजन्य र अन्य

आकस्मिक दुर्घटना/विपदबाट अति प्रभावित क्षेत्र अन्तर्गत पर्दछ । तसर्थ नगरपालिकाले विपद व्यवस्थापन तर्फ विशेष बजेट विनियोजन गर्ने काम गरिएको छ ।

सभाध्यक्षज्यू

**चालु आ व ०८०।०८१ को समीक्षा**

चालु आ.व ०८०।०८१ को बजेट तथा कार्यक्रमवाट प्राप्त मूख्य उपलब्धीहरु म यहाँहरु समक्ष राख्न चाहन्छु । जुन निम्न बमोजिम रहेका छन् ।

- शिक्षा क्षेत्रमा प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालावालिकालाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिइएको छ । विद्यालयहरुमा विद्यालयको माग वमोजिम इन्टरनेट जडान र ई हाजिरीको व्यवस्था भएको छ । नेपाल सरकारले निर्धारण गरे वमोजिमको दिवा खाजा थप कक्षा ८ सम्म र कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्थापन भएको छ ।
- स्वास्थ्य तर्फ संघ, प्रदेश र नगरपालिकाको समन्वयमा सवै वडाहरुमा स्वास्थ्य चौकी भवन पूर्वाधार निर्माण र कर्मचारीको व्यवस्थापन भएको छ ।
- संघ,प्रदेश र स्थानीय तहको समन्वयमा लोपन्मुख चौरी संरक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाईएको छ । संघ, प्रदेशबाट प्राप्त

कार्यक्रमको अतिरिक्त नगरपालिकाबाट पनि कृषकहरुको लागि अनुदानको व्यवस्था भएको छ ।

- नगरस्तरीय योजना अन्तर्गत बाह्रविसे क्षमादेवी सिँढीबाटो(पद मार्ग) निर्माण कार्य अगाडी वढेको छ ।
- साँस्कृकित सम्पदाको संरक्षण तर्फ वस्ती स्तरको माग वमोजिम विभिन्न स्थानहरुमा मठमन्दिर निर्माण,गुम्वा तथा चैत्य निर्माण, चर्च भवन निर्माण जस्ता कार्यहरुलाई प्रोत्साहीत भएको छ ।
- स्रोत र साधनले भ्याए सम्म वस्ती स्तरमा खानेपानीको उपलव्ध गराइएको छ ।
- पशुहरुमा लाग्ने महामारी रोग लम्कीस्कीन नियन्त्रणमा ल्याइएको छ ।
- स्थानीय स्तरमा सिप विकास तालिम सञ्चालन गरि लघु घरेलु उद्योगलाई प्रोत्साहीत भएको छ ।
- मौषमजन्य प्राकृतिक विपद र आकस्मिक विपदमा परेकाहरुको तत्काल खोज तथा उद्धार र राहतका कार्यहरु तिव्र रुपमा अगाडी वढाई पीडितहरुलाई प्रत्यक्ष राहत महशुस हुने गरी कार्य गरिएको छ ।

उल्लिखित उपलब्धीहरु हासिल गर्नको लागि नगरपालिकामा संघ, प्रदेशबाट प्राप्त कार्यक्रम र नगरपालिकाको कार्यक्रमबाट २०८१ जेष्ठ मशान्त सम्म भएको वित्तिय व्यय करिव ९० प्रतिशत हुने अनुमान गरेको छु । खर्च भै बचत हुन जाने रकम आगामी आर्थिक वर्षको वजेटमा समावेश गरीने छ ।

**अध्यक्ष महोदय**

नगर प्रमुखज्यूवाट पेश भई यस सम्मानित नगरसभावाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस वर्ष उपलब्ध अनुमानित स्रोत र साधनको अधिनमा रही बजेट पेश गरेको छु । स्वीकृत नीति तथा कार्यक्रममा समावेश भएका कतिपय अत्यन्त राम्रा विषयहरु सीमित स्रोत साधनका कारणले यस वर्षको वजेटमा समावेश गर्न सकिएको छैन । त्यस्ता कार्यक्रमहरु आगामी वर्षहरुमा समेटिने छ । बजेट तयार गर्दा राजस्व परामर्श समितिले दिएको सुझाव, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको बजेटको सीमा अनुसार नगरका विभिन्न समिति तथा शाखाहरुमा छलफल गरी उनिहरुबाट प्राप्त सुझाव समेतलाई मध्येनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिवाट बजेट तयार गरी कार्यपालिका वैठकबाट अनुमोदन गराई यस सभामा पेश गरेको छु ।

बजेट तर्जुमा गर्दा विगतका आर्थिक वर्षहरुमा गरिएका घोषणाहरु र संघीय तथा प्रदेश सरकारबाट प्राप्त योजना तथा नीतिलाई आधार मानिएको छ । यो बजेटको कार्यान्वयन पश्चात् चालु आ.व.०८०।०८१ का केहि अधुरा योजनाहरु पुरा हुनेछन् भने केहि नयाँ योजनाहरु थपिनेछन् ।

**अध्यक्ष महोदय,**

आ.व.०८१।०८२ को बजेटका उद्देष्यहरु देहाय वमोजिम रहेका छन ।

**१.बजेटका उद्देष्यहरु यस प्रकार रहेका छन्**

- शिक्षा, स्वास्थ्य नागरिकको नैसर्गिक अधिकार हो जुन नेपालका संविधान २०७२ ले पनि सुरक्षित गरेको छ सोहीलाई स्थानीय सरकारको तर्फबाट थप व्यवस्थापन गर्ने ।

- मौषम जन्य प्रकृतिक विपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित गराई बाँच्न पाउने मानविय अधिकारको सुरक्षा गर्ने ।
- स्थानीय स्रोत साधनहरुको अधिकतम प्रयोग र बजारीकरण गर्ने ।
- कृषि र पशुपन्छि विकास तर्फ एक वडा एक पकेट क्षेत्र निर्धारण गरि सोहि अनुसार कार्यक्रम सञ्चालन गर्ने
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चितता गर्दै सामाजिक न्याय सहितको सम्मुन्नत समाज निर्माण गर्ने
- युवाहरुलाई स्वास्थ्य तथा सामाजिक उत्तरदायि वनाउनको लागि खेलकुद वृद्धि विकास गर्ने कार्यक्रम सञ्चालर्ने ।
- नगरपालिका भित्रका लक्षित समुदायहरुको लागि विषेश कार्यक्रम मार्फत उनीहरुको दैनिक जीवनमा सहयोग पुऱ्याउने ।
- नगरपालिकाको सेवा प्रवाहलाई सुचना प्रविधि मैत्री वनाउँदै नागरिक वडापत्रको व्यवहारिक कार्यान्वयन गर्दै सुशासन मैत्री सेवा प्रवाह गर्ने ।

## २.आ.व.०८१।०८२ को बजेटका प्राथामिकताका क्षेत्रहरु

- शैक्षिक विकास,स्वास्थ्य विकास तथा आर्थिक  विकास
- कृषि ,पशु, पर्यटन, लघु, घरेलु उद्योग प्रवर्द्धन
- चालु आ.व.०८०।०८१ मा सञ्चालित अधुरा योजनाहरु सम्पन्न गर्ने
- सार्वजनिक सेवा तथा क्षमता विकास
- यूवा तथा खेलकुद
- लक्षित वर्ग उत्थान

**३.बजेटका उद्देष्यहरु हासिल गर्न मैले देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथामिकता निर्धारण गरेको छु ।**

- स्वास्थ्यको दायरालाई विस्तार तथा सवै वडाका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मी तथा औषधीहरुको पर्याप्त मात्रमा उलव्ध गराउने व्यवस्था मिलाएको छु ।
- कृषि,पशु लगायतका क्षेत्रमा प्रोत्साहनको व्यवस्था मिलाउन पकेट क्षेत्र विकास कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक कार्यक्रम अगाडी वढाउने व्यवस्था मिलाएको छु ।
- शैक्षिक गुणस्तर सुधार र विकासका लागि स्रोतको सिमा भित्र रही यथोचित बजेटको व्यवस्था मिलाएको छु ।
- बालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि आधारहरु तयार गर्न आवश्यक कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्थापन मिलाएको छु ।
- संघिय सरकार र प्रदेश सरकार सँग मौज्दा कोषहरुको रकमलाई नगरपालिका सँगको साझेदारीमा कार्यान्वयन गर्न समपुरक (लागत साझेदारी) कोषमा बजेट विनियोजन गरिएको छु ।
- नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार बातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासका क्षेत्रमा स्रोतको सिमा भित्र रही बजेटको व्यवस्था गरिएको छु ।

**सभा अध्यक्षज्यू,**

**अव म नगरपालिकाको आ व २०८१।०८२ को अनुमानित आय पेश गर्दछु ।**

१.संघीय वित्तिय समानिकरण अनुदान रु.१३४३०००००।- (अक्षरुपी तेह्र करोड त्रिचालीस लाख रुपैयाँ मात्र)
२.संघीय शसर्त पुँजीगत रु.२३६१५९०००।-(अक्षरुपी त्तेइस करोड एकसठी लाख उनान्साठी हजार रुपैयाँ मात्र)
३.संघीय शसर्त पुँजीगत रु.९६०००००।-(अक्षरुपी छयानव्वे लाख रुपैयाँ मात्र)
४.संघीय राजश्व बाँडफाँड रु.९९१००००००।- (अक्षरुपी नौ करोड एकालनव्वे लाख रुपैयाँ मात्र)
५.प्रदेश समानिकरण अनुदान रु.१४१७१०००।-(अक्षरुपी एक करोड एकचालीस लाख एकहत्तर हजार रुपैयाँ मात्र)
६.प्रदेश राजश्व वाँडफाँड रु.५४०५९३००।-(अक्ष्रुपी पाँचकरोड चालीस लाख उनान्साठी हजार तीन सय रुपैया मात्र)
७.प्रदेश शसर्त रु.३१८१२०००।-(अक्षरुपी तीनकरोड अठार लाख बाह्र हजार रुपैयाँ मात्र)
८.संघीय विशेष अनुदान रु.८००००००।-(अक्षरुपी असी लाख रुपैयाँ मात्र)
९.मध्यभोटेकोशी प्रभावित क्षेत्र विकास कार्यक्रम रु.१०६०००००।-(अक्षरुपी एक करोड छलाख रुपैयाँ मात्र)
१०.आन्तरिक राजश्व रु.१९७००००००।-(अक्षरुपी एक करोड सन्तानव्वे लाख रुपैयाँ मात्र)

११.जम्मा आय तर्फ **रु.६२५५०१३००।-(अक्षरुपी बैसठी करोड पच्पन्न लाख एक हजार तीन सय रुपैयाँ** मात्र)

यस बजेटमा सामाजिक सुरक्षा भत्ता, स्थानीय विद्युत आयोजनाहरुको प्रभावित क्षेत्र विकासका कार्यक्रमहरु समावेश गरिएको छैन । यकिन विवरण प्राप्त भए पछि बजेटको रातो किताबमा समावेश गर्ने व्यवस्था मिलाएको छु । त्यस्तै नगरपालिकामा कार्यरत विभिन्न संघ संस्थाहरुले संचालन गर्ने कार्यक्रमहरु प्राप्त भए पछि यसै बजेटका अंग हुनेछन् ।

**उल्लिखित अनुमानित आय देहाय बमोजिम खर्च हुने अनुमान गरी स्वीकृतिका लागि यस सभामा पेश गरेको छु :**

**व्यय तर्फ**

१.वडाहरुको समानुपातिक विकासका लागि रु.४ करोड ५० लाख विनियोजन गरिएको छु ।

२.वडाहरुको विशेष सम्वोधन गर्नका लागि रु.५० लाख विनियोजन गरिएको छु ।

३.आर्थिक विकास तर्फ रु.५० लाख विनियोजन गरिएको छु ।

४.सामाजिक विकास तर्फ रु.५ करोड ५५ लाख रुपैयाँ विनियोजन गरिएको छु ।

५.भौतिक पूर्वाधार विकास र लागत साझेदारी सहितका लागि रु.४ करोड त्रीचालीस लाख तीस हजार तीन सय रुपैयाँ मात्र विनियोजन गरिएको छु ।

६.वन वातावरण र विपद तर्फ रु.एक करोड पैसठी लाख रुपैयाँ मात्र विनियोजन गरिएको छु ।

७.समग्र नगरपालिकाको चाल खर्च तर्फ रु.१५ करोड रुपैयाँ विनियोजन गरिएको छु ।

८.प्रभावित क्षेत्र विकास तर्फ रु.१ करोड ६ लाख रुपैयाँ मात्र सोहि प्रभावित क्षेत्रमा खर्च गरिने गरि आवश्यक व्यवस्था मिलाएको छु ।
९.संघीय शसर्त पुँजीगत तर्फ रु.२३६१५९०००।-(अक्षरुपी त्तेइस करोड एकसठी लाख उनान्साठी हजार रुपैयाँ मात्र) विनियोजन भै आएकोमा सोहि कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।
१०. संघको समपुरक र प्रदेशको विशेष अनुदान तर्फको कार्यक्रम सम्वन्धित क्षेत्रमा नै खर्च गरिने व्यवस्था मिलाएको छु ।
११.संघको शसर्त पुँजीगत र प्रदेश शसर्त पुँजीगत तर्फको कार्यक्रम सोही क्षेत्रमा खर्च गरिने व्यवस्था मिलाएको छु ।
१२.राजश्व वाँडफाँड बाट प्राप्त संघ, प्रदेश र स्थानीय अनुमानित आन्तरिक आय तर्फको रकम चालु खर्चमा समावेश गरि खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**सभा अध्यक्षज्यू,**

स्थानीय राजश्व परामर्श समितिमा पेश भएको बाह्रविसे नगरपालिकाको आर्थिक विधेयक २०८१

बाह्रविसे नगरपालिकाको विनियोजन विधेयक २०८१ लाई सुझाव सहित पारितको लागि पेश गरेको छु ।

अन्त्यमा,

नगरपालिका भित्र र बाहिर वस्नु हुने सवै नगरवासीहरुलाई मौषमजन्य प्राकृतिक विपदका घटना घट्न सकिने समयको शुरुवात भै

सकेको छ, तसर्थ सबै चनाखो र सुरक्षित भै वस्नुहुन र एक आपसमा सहयोग सद्भावको भावना लिई कार्य गर्नुहुन अनुरोध गर्दै नगरपालिकाको विकासमा सदैव सहयोग गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु । बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू,,वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरु, नगरपालिकाका विभिन्न शाखा सम्वद्ध कर्मचारीहरु,राजनैतिक दलका प्रतिनिधिहरु, सवैमा हार्दिक आभार व्यक्त गर्दै, बजेट तथा कार्यक्रमलाई घनिभुत रुपमा छलफल तथा सुझाव सहित पारित गर्न सम्मानित नगर सभालाई अनुरोध गर्दै बजेटको सफल कार्यान्वयनमा सवैको सहयोगको अपेक्षा गरिएको छु ।

धन्यवाद !

मन्जु तामाङ
उप प्रमुख